हुनाले Optical Lab खडा गर्न आवश्यक सामानहरु खरिद गर्न सम्झौता भइसकेको छ।

माथि उल्लिखित कार्यहरु तालिम केन्द्रमा भइसके तापनि विश्वका विभिन्न Training Center ले गर्दै आएका अन्य कामहरुको तुलनामा कमै देखिन्छ । तसर्थ नेपाल टेलिकमको अझ विकास गर्नका लागि तालिम केन्द्रका विभिन्न योजनाहरु भए तापनि निम्न योजनाहरु कार्यान्वयन गर्ने कार्यक्रम भएको र ती कार्यक्रम सफलतापूर्वक गर्न सकेमा नेपाल टेलिकमलाई मात्र नभई समग्र देशलाई नै फाइदा पुग्ने विश्वास राख्न सकिन्छ।

१. Research and Development Center स्थापना गर्ने, वास्तवमा हालको समयमा विभिन्न Institute तथा University बाट Telecom विषयमा Intership गर्नको लागि नेपाल टेलिकममा विद्यार्थीहरु आउने भएको हुनाले निजहरुबाट नेपाल टेलिकमको लागि आवश्यक Research मा लगाउन सकेमा Win win Situation हुने कुरामा विश्वास राख्न सकिन्छ, जसबाट नेपाल टेलिकमले आर्थिक दायित्व पनि बहन गर्नु नपर्ने हुन्छ। समयसापेक्ष कुन क्षेत्रमा कुन कुराको Research गरेमा नेपाल टेलिकमलाई विकास गर्न सकिन्छ, पत्ता लगाउन सकिने र भएका योजना तथा अन्य कार्यहरुमा त्रुटि केलाउन सकिन्छ।

२. हरेक Wing हरुलाई Simulation Practical गराउन Lab स्थापना गर्ने लक्ष्य राखिएको छ।

३. Internal Customer हरुलाई मात्र तालिम नदिई External Customer हरुलाई पनि तालिम दिने व्यवस्था गर्नुपर्ने हुनाले सोको लागि Internal and International तालिम सञ्चालन गर्नको निम्ति पनि पहल गर्ने लक्ष्य राखिएको छ।

४. माथिका बुँदाहरुलाई केलाउँदा सबै कार्यक्रम गर्न सके अवश्य पनि दूरसञ्चार तालिम केन्द्र Profit Center को रुपमा स्थापना गर्न सकिनेमा विस्वस्त हुन सकिन्छ।

यसरी "राष्ट्र निर्माण हाम्रो लक्ष्य", "ग्राहक सेवामा समर्पित" जस्ता अत्यन्त गहन नारालाई सफल बनाउनका साथै राष्ट्रको विभिन्न कम्पनीमध्ये अग्रणी स्थान ओगट्न सक्षम बनाउन र कर्मचारीहरुको ज्ञान, सीप, व्यवहारको विद्यमान अवस्थालाई सकारात्मक प्रभावकारिता अभिवृद्धि गर्न तालिम केन्द्रले प्रमुख भूमिका खेलेको छ। ●

# "टेलिकम" नौलो नाम, नौलो काम

**मदन भट्ट 'पल्याल'**
*दू.सं.का. धनगढी कैलाली*

*आज फेरि टेलिकमको नौलो न्वारन भा छ,*
*गोजी-गोजी सिड्यामको कुर्रकुर्र भा छ,*
*देशैभरि सिड्यामको कुर्रकुर्र भा छ*
*पहाड मदेश तराईभरि घण्टी घण्टी भा छ,*
*सबै खाले खबरहरु कान कान्मा गा छ,*
*हुने-खाने खल्ती सबै डल्लैडल्ला भा छ,*
*नहुनेको फेरि उस्तै टुलुटुलु भा छ,*
*आज फेरि टेलिकमको नौलो न्वारान भा छ,*
*गोजी-गोजी सिड्यामको कुर्रकुर्र भा छ।*
*डाँडापाखा खेत खल्यान् खुसुरमुसुर भा छ,*
*सिड्यामको डल्लो पाउन दौडादौड भा छ,*
*कसैको त घाँटी पासो कम्मर नि भ्या छ,*
*खल्तीमा नि घण्टी बज्दा नाकै लामो भा छ,*
*आज फेरि टेलिकमको नौलो न्वारान भा छ*
*गोजी-गोजी सिड्यामको कुर्रकुर्र भा छ।*
*डाँडामाथि लौरो गाडे कुरै आउँदो रै छ,*
*जुन बेला नि खबरहरु खुर्र लाँदो रै छ,*
*नगद नारायण टावरमुनि ह्वारह्वार्ती आ छ,*
*नेपालको मुहार फेर्न ठूलै टेवा भा छ,*
*आज फेरि टेलिकमको नौलो न्वारान भा छ,*
*गोजी-गोजी सिड्यामको कुर्रकुर्र भा छ।*
*कुनै बोल्छ अंग्रेजीमा कुनै च्याङ्चुङ्ग भा छ,*
*अरबतिर फर्की बोल्दा हस्याङ्गफस्याङ्ग भा छ,*
*जता हेर्छु डल्लैडल्ला आँखा ट्वाल्ल भा छ,*
*खेत खल्यान् डाँडापाखा हराभरा भा छ,*
*आज फेरि टेलिकमको नौलो न्वारान भा छ,*
*गोजी-गोजी सिड्यामको कुर्रकुर्र भा छ।*
*नौला-नौला खबरहरु कुना-कुना गा छ,*
*संसारको चर्तिकला घर्मे हेर्न पा छ,*
*बूढी बझाङ्ग बूढो बर्मा दु:ख-सुख भा छ,*
*अचम्मको डल्लो म त पूजा गरौं ला छ,*
*आज फेरि टेलिकमको नौलो न्वारान भा छ,*
*गोजी-गोजी सिड्यामको कुर्रकुर्र भा छ।*